नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम**
**(LGCDP)**
**कार्यक्रम समन्वय इकाई**

प. सं. :-०७३।७४
च. नं. :-६६२

सिंहदरबार, काठमाण्डौ ।

मिति: २०७४।०३।२२

विषय: **जानकारी सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै),
श्री महानगरपालिकाको कार्यालय (सबै),
श्री उपमहानगरपालिकाको कार्यालय (सबै),
श्री नगरपालिकाको कार्यालय (सबै),
श्री गाउँपालिकाको कार्यालय (सबै) ।

प्रस्तुत विषयमा यस कार्यक्रमको तर्फबाट नगरपालिका तथा गाउँपालिकामा रहि पुर्वाधारजन्य योजना तथा कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने गरी प्राविधिक कर्मचारी (इन्जिनियर) र जिल्ला समन्वय समिति तथा नगरपालिकामा रहि स्थानीय तहहरुको क्षमता अभिबृद्धि गर्न, LGCDP अन्तर्गत सञ्चालन हुने कार्यक्रमको कार्यान्वयनमा सहयोग, समन्वय तथा रिपोर्टिङ्ग गर्नका लागि सामाजिक विकास अधिकृत, कार्यक्रम अधिकृत करारमा कार्यरत रहेको व्यहोरा विदितै छ । यस कार्यक्रमको अवधि २०७४ असार मसान्तसम्म मात्र रहेको र तत्पश्चात संक्रमणकालिन व्यवस्थापन (Extension of LGCDP for Transition to Sub-National Governance Program) नामको सानो कार्यक्रम १ वर्षका लागि थप गर्ने प्रकृयामा रहेको र कार्यक्रममा आ.व. ०७४/७५ का लागि प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रममा जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकामा कार्यरत इन्जिनियर, सामाजिक विकास अधिकृत तथा कार्यक्रम अधिकृतको पारिश्रमिक लगायतको बजेटको व्यवस्था समेत नभएकोले निजहरुको कार्य अवधि २०७४ असार मसान्तसम्म मात्र रहने व्यहोरा मिति २०७४।३।२२ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ ।

०७४।०३।२२
रमेश शर्मा
प्रशासकीय अधिकृत

फोन: ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np